# देवानगञ्ज गाउँपालिकाको बजेट तथा कार्यक्रमहरु

मिति २०८०/०३/१०

सभाध्यक्षज्यू

एवं गाउँ सभाका सदस्यज्यूहरु ,

सर्वप्रथम म यस गरिमामय १३ औं गाउँसभामा देवानगञ्ज गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८०/०८१ को लागि आय तथा व्ययको अनुमान सहितको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

सभाध्यक्ष महोदय,

विगतको ५ वर्षको अवधिमा यस देवानगञ्ज गाउँपालिकाको विकासको लागि प्रत्यक्ष्य र परोक्ष रुपमा सहयोग गरिदिनुभएका पूर्वजनप्रतिनिधिहरु कर्मचारीहरु ,नागरीक समाज तथा शासकीय साझेदारहरुलाइ हार्दिक धन्यवाद टक्र्याउन चाहान्छु ।

नेपालको ऐतिहासिक परिवर्तन तथा महत्वपुर्ण घडीमा प्रजातन्त्र एवं लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलन एवं समाजिक न्याय समानता तथा समृद्धिको लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रिय स्तर एवं देवानगञ्ज गाउँपालिका क्षेत्रका सम्पुर्ण अग्रज राजनितिक र प्रबुद्ध व्यक्तित्वहरु तथा गाउँको विकासको लागि महत्वपुर्ण योगदान दिने सम्पुर्ण महानुभावहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

गाउँपालिकावासीको  असिमित आवश्यक्ताहरु रहेका छन तर  श्रोत साधनको सिमितता भित्र रहेर काम गर्नुपरेको छ ।,जसले गर्दा क हामीले चाहेको वा परिकल्पना गरेको गाउँपालिकाको सवै विषयलाई संवोधन गर्न हाम्रो आर्थिक सामर्थ्यका कारण कठिनाई रहेको तथ्य सम्मानित गाउँसभा समक्ष र सभामार्फत आम आदरणिय देवानगञ्ज  गाउँपालिकावासी वुवा आमा दिदि वहिनी दाजुभाइ समक्ष विनम्रतापुर्वक निवेदन गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय,

अब म चालु आ.व. २०७९/०८० को बजेटको हाल सम्मको खर्च विवरण पेश गर्न चाहान्छु ।

| **क्र.स.** | **खर्च शीर्षकको नाम** | **बार्षिक बजेट** | **हालसम्मको खर्च** |
|---|---|---|---|
| १ | चालु खर्च | ३५ करोड ४६ लाख ४६ हजार ७ सय ४६ रुपैया | २५ करोड ८८ लाख ६४ हजार ३६ रुपैया |
| २ | पूँजीगत खर्च | ३० करोड ८५ लाख ९६ हजार २ सय ११ रुपैया | २१ करोड ७ लाख ७२ हजार ६ सय ६७ रुपैया |

अब म देवानगञ्ज गाउँपालिकाको आ.ब.२०८०/०८१ को अनुमानित  आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

| देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज सुनसरीको आ.वा.२०८०/०८१ को अनुमानित आयको श्रोत | | | |
|---|---|---|---|
| क्र.स. | प्राप्तिको स्रोत | अनुदानको प्रकार | रकम (रु.) |
| १ | संघीय सरकार | समानिकरण | ११६१००००० |
| २ | संघीय सरकार | राजस्व बाँडफाँड | ९०९७९९०० |

| | | | |
|---|---|---|---|
| ३ | संघीय सरकार | शशर्त अनुदान चालु | १९६९००००० |
| ४ | संघीय सरकार | शशर्त अनुदान पुजीगत | ६९००००० |
| ५ | संघीय सरकार | समपुरक अनुदान | २०००००००० |
| ६ | संघीय सरकार | विशेष अनुदान चालु | ६०००००० |
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | ७२८४००० |
| ८ | प्रदेश सरकार | राजस्व बाँडफाँड | ४०१०००० |
| ९ | प्रदेश सरकार | समपुरक अनुदान | १००००००० |
| १० | प्रदेश सरकार | शशर्त अनुदान पुजीगत | १८००००० |
| ११ | प्रदेश सरकार | शशर्त अनुदान चालु | २०२५००० |
| १२ | आन्तरिक आय | नियमित | १५५००००० |
| १३ | आन्तरिक आय | आ.व.०७९/८० बाट आएको रकम (आल्या) | ७०००००००० |
| १४ | विपद तथा व्यवस्थापन कोष | आ.व.०७९/८० बाट आएको रकम (आल्या) | ८८००००० |
| १५ | जनसहभागिता | | ३०००००० |
| | | जम्मा | **५५९२९८९००** |

देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज सुनसरीको आ.व.२०८०/०८१ को अनुमानित व्याय विवरण

| क्र.स. | प्राप्तिको स्रोत | अनुदानको प्रकार | चालु खर्च रकम(रु.) | पुँजीगत खर्च रकम(रु.) |
|---|---|---|---|---|
| १ | संघीय सरकार | शशर्त अनुदान चालु | १९६९००००० | |
| २ | संघीय सरकार | शशर्त अनुदान पुजीगत | | ६९००००० |
| ३ | संघीय सरकार | समपुरक अनुदान | | २०००००००० |
| ४ | संघीय सरकार | विशेष अनुदान | ६०००००० | |
| ५ | प्रदेश सरकार | शशर्त अनुदान चालु | २०२५००० | |
| ६ | प्रदेश सरकार | शशर्त अनुदान पुजीगत | | १८००००० |
| ७ | प्रदेश सरकार | समपुरक अनुदान | | १००००००० |
| ८ | देवानगञ्ज गा.पा.चालु | | ९८६७३९०० | - |
| ९ | वडा चालु | | ४९००००० | - |
| १० | गा.पा.पुँजीगत | | - | - |
| ११ | वडा पुँजीगत | | - | ३१५००००० |
| १२ | क्रमागत योजना | | - | १३४४००००० |
| १३ | शिक्षा शाखा | | १४३००००० | - |
| १४ | स्वास्थ्य शाखा | | ५५००००० | - |
| १५ | पशु शाखा | | २२००००० | - |
| १६ | न्यायीक शाखा | | १०००००० | - |

| | | | | |
|---|---|---|---|---|
| १७ | कृषि शाखा | | १५००००० | - |
| १८ | आयुर्बेद शाखा | | ७००००० | - |
| १९ | सहकारी शाखा | | ५००००० | - |
| २० | सुचना प्रविधि शाखा | | १५००००० | - |
| २१ | विपद तथा व्यवस्थापन कोष | आ.व.०७९/८० बाट आएको रकम (आल्या) | ८८००००० | - |
| २२ | अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम | | १५००००० | - |
| २३ | महिला बालबालिका | | ७००००० | - |
| २४ | साझेदारी फण्ड | | ५०००००० | - |
| २५ | जनसहभागिता | | - | ३०००००० |
| | | जम्मा | ३५१६९८९०० | २०७६००००० |
| | | जम्मा बजेट | **५५९२९८९००** | |

अब यस देवानगञ्ज गाउँपालिकाको आगामी आ.व.२०८०/०८१ को बजेटको उद्धेश्य प्रस्तुत गर्न चाहान्छु

- सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- आर्थिक गतिविधीलाई सहज गरी देवानगञ्जवासीको जीवनस्तरमा सुधार ल्याउन भौतिक पुर्वाधारको विकाश गर्नु ।
- कृषि क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादकत्व अभिवृद्धि गर्नु ।
- जीवनपयोगी तथा शिपयुक्त शिक्षाको प्रवन्ध मिलाउनु ।
- बालमैत्री वातावरणको अवलम्बन गरी गुणस्तरीय शिक्षाको प्रबन्ध मिलाउनु ।
- दलित, अपहेलित, उपेक्षित, जनजाती, मधशी, मुस्लिम, अपाङ्ग, युवा, महिला र चरम गरिबीको रेखामुनि रहेका नागरिकहरुमा आर्थिक तथा सामाजिक समानता कायम गर्नु ।
- साँस्कृतिक तथा धार्मिक पर्यटनको विकाश गर्नु ।
- नतिजामुखी शासकीय व्यवस्था र शुसासन कायम गर्नु ।

सभाध्यक्ष महोदय,

म यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक श्रोत साधन परिचालनका लागि गरिएका प्रवन्ध यस सभामा पेश गर्ने अनुमति चाहान्छु । आगामी आ.व.२०८०/०८१ मा कुल बजेट रु.५५ करोड ९२ लाख ९८ हजार ९ सय रुपैया खर्च हुने गरि बजेट प्रस्ताव गरेको छु । जसमा चालुतर्फ रु. ३५ करोड १६ लाख ९८ हजार ९ सय रुपैया अर्थात कुल बजेटको चालुतर्फ ६२.८८ प्रतिशत र पुँजिगत तर्फ २० करोड ७६ लाख रुपैया अर्थात कुल बजेटको पुँजिगत तर्फ ३७.१२ प्रतिशत हुने अनुमान पेश गर्दछु । गाउँपालिकाको आन्तरिक आय अन्तर्गत शुल्क, राजश्व तथा विविध श्रोतबाट ७५ लाख उठाउने लक्ष्य लिएको छु ।

सभाध्यक्ष महोदय,

आगामी आर्थिक बर्षको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधान, २०७२ ले कल्पना गरेको परिदृश्य तथा परिलक्षित गरेको विकाशका लक्ष्य ,उद्धेश्य मूल्य मान्यताका अतिरिक्त निम्न कानुन  नीति र सिद्धान्तलाई आधार बनाई नीति कार्यकम तथा बजेट तर्जुमा गर्ने प्रयास गरेको छु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वीत्त आयोग ऐन, २०७४
- संघ तथा प्रदेशले जारी गरेका नीति मापदण्ड तथा कानुन
- अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४
- सार्वजनि खरिद ऐन, २०६३
- आर्थिक कार्यविधि तथा उतरदायित्व ऐन, २०७६
- स्थानिय तहको वार्षिक योजना तथ बजेट दिग्दर्शन
- दिगो विकासका लक्ष्यहरु
- राजश्व परामर्श समितिको प्रतिवेदन
- तिन वटै सरकारले गरेका प्रतिवद्धता तथा सम्झौता
- बजेटका सिद्धान्त,उदेश्य र प्राथमिकता

देवानगञ्ज गाउँपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विषयगत रुपमा बजेट विनियोजन प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१.**आर्थिक विकास**

क) **कृषि** : कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गर्न, कृषि विउ तथा फलफूल निशुल्क रुपमा उपलब्ध गराउन, कृषि पशुपालन र तरकारी खेतीमा अनुदानको व्यवस्था गरी आत्मनिर्भर उत्पादन : समृद्ध तथा सुखी देवानगञ्ज भन्ने नारालाई साकार पार्न तथा कृषी क्षेत्रको व्यवसायीकरण परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, युव, उद्यमी, प्राविधिक तथा विज्ञहरुको क्षमता विकास गरी देवानगञ्ज गाउँपालिकालाई कृषि आय आर्जनको मुख्य क्षेत्रको विकास गर्नका लागि रु. ८१ लाख बजेट विनियोजन गरेको छु ।

ख) **पशु :** कृत्रिम गर्भधारण द्वारा पशु नशल सुधार अभियान चलिरहेकोले त्यसलाई थप व्यवस्थित गर्न तथा अन्य पशु सम्बन्धी विभिन्न कार्यक्रम र सेवा प्रदान गर्नको लागि रु. ३८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२.**सामाजिक विकास**

क) **शिक्षा, युवा तथा खेलकुद** : विद्यालयको भैतिक संरचनाको निर्माण तथा सुधार गरी अपाङ्ग मैत्री, लैङ्गिक मैत्री, विद्यालयको रुपमा विकास गरी शैक्षिक क्षेत्रको विकासको लागि शिक्षा कार्य योजनामा नेतृत्व विकास, क्षमता विकास शिप एवं कौशलको विकास गर्न तथा सूचना प्रविधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन, विपन्न दलित बालबालिकालाई उच्च शिक्षा अध्ययनमा प्रोत्सहान गर्न कक्षा ११ मा अध्ययन दलित छात्रालाई छात्रावृद्धि स्वरुप बार्षिक रु. ५ हजार प्रदान गर्ने, विद्यालय भौतिक पूर्वधारको व्यवस्था र सबै माध्यमिक विद्यालयमा इन्टरनेट सेवा थप व्यवस्थित बनाउने तथा युवाहरुलाई खेलकुद प्रति प्रेरित गर्न अध्यक्ष कप प्रतियोगिता गर्नका लागि शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा पूँजीगत र चालु खर्च गरी जम्मा रु. १७ करोड २७ लाख बजेट विनियोजन गरेको छु ।

ख) **स्वास्थ्य** : देवानगञ्ज बासी सबैमा सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन अत्यावश्यक औषधिको निरन्तर उपलब्धताको व्यवस्था गर्न, देवानगञ्ज गाउँपालिकालाई पूर्ण खोप युक्त गाउँपालिकाको रुपमा विकास गरी सबै नागरिकहरुलाई स्वस्थ बनाउनका लागि प्रतिरोधात्मक, उपचारात्मक, प्रवद्धनात्मक र पुनःस्थापनामूलक सेवा प्रदान गर्न, देवानगञ्ज गाउँपालिका भरी पोषण कार्यक्रम र स्वास्थ्य क्षेत्रमा खटिने कर्मचारीहरुको मनोबल उच्च बनाउन, आयुर्वेद पंचकर्म कार्यक्रम तथा स्वास्थ्य भौतिक पूर्वधारहरुको विकास गर्नका लागि रु.४ करोड ९५ लाख बजेट विनियोजन गरेको छु ।

ग) **सामाजिक न्याय, सुरक्षा, सद्भाव सँस्कृति र एकता** : समाजमा विद्यमान कुरीतिको रूपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा बिचलन ल्याउने सवै प्रकारका ब्यबहारहरुलाई निरुत्साहित गर्न तथा सामाजिक छुवाछुत र भेदभावलाई पूर्ण रुपमा निर्मूल गर्दै सामाजिक विभेद, छुवाछुत घरेलु हिंसा, दाइजो, तिलक प्रथा, बोक्सी प्रथा जस्ता कुसंस्कार र अमानविय क्रियाकलापहरू विरुद्ध सामाजिक सचेतना स्थापित गर्न र आपसी कलह, झै-झगडा तथा द्वन्दलाई निरुत्साहित गरी समाजमा सामाजिक न्याय र अमन चयन कायम गर्न यस क्षेत्रमा रु.५ लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

घ) **लैङ्गिक समानता, अपाङ्गता, बालवालिका तथा किशोर किशोरी** : महिलाहरूको राजनैतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवम् उनिहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन तथा २० वर्ष उमेर पुगेका विपन्न तथा दलित किशोरीहरुको विवाह गर्दा रु. १० हजार विवाह खर्च प्रदान गर्ने नीतिलाई सम्बोधन गर्न रु. १८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

ङ) **उद्यमशिलता रोजगारी मुलक शसक्तिकरण** : गरीबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम र सिप विकास तथा क्षमता अभिवृद्धि गर्ने र नयाँ लधु उद्यमी सृजना गर्नका लागि बजेट व्यवस्थापन गरेको छु ।

३. **पूर्वाधार विकास**

क.**भौतिक पूर्वाधार** : गाउँपालिकाका सडकहरुको नियमित सञ्चालन र मर्मत सम्भारको लागि मर्मत कोषको परिचालन गरी सातैवटा वडामा कालोपत्रे सडक विस्तार गर्न, झोलुङ्गे पुल निर्माण र विकासका दृष्टिले पछाडि परेका वडाहरुलाई प्राथमिकता दिदै सन्तुलित वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्दै देवानगञ्ज गाउँपालिकाको आफ्नै प्रशासकीय भवन समेत निर्माण गर्न यस क्षेत्रमा रु. २० करोड ७६ लाख बजेट विनियोजन गरेको छु ।

ख.**उर्जा** : घरायसी उर्जाको रुपमा दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, ग्यासीफायर, बायोबिक्रेट जस्ता किफायती जैविक उर्जा प्रविधिहरुको प्रवद्धन एवम् विस्तार गर्नका लागि यस क्षेत्रमा रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

**ग) विद्युतीकरण :** यस देवानगञ्ज गाउँपालिकाको ७ वटा वडामा कृषि सिचाई विद्युतीकरण गरी सबै किसानहरुलाई आत्मनिर्भर बनाउनको लागि रु. ६ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

**४.स्थानीय तह प्रकोप व्यवस्थापन** : विपद् बाजा बजाएर आउँदैन भन्ने मान्यतालाई आत्मसाथ गरी गाउँपालिका स्तरमा विपद् जोखिम पूर्वअनुमान, पुर्वतयारी ,तथा प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धि क्षमता विकास गरी समय समयमा आउने विपद तथा संकटबाट गाउँपालिकावासीलाई सुरक्षित गर्न स्थानिय तह प्रकोप व्यवस्थापन कोषमा रु. ८८ लाख बजेट विनियोजन गरेको छु ।

५. **सहकारी** : नेपालको तीन खम्बे अर्थ नीतिमा एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रलाई प्रवर्दन गर्न देवानगञ्ज गाउँपालिका भित्रको सम्पूर्ण सहकारीहरुलाई आधुनिकरण र व्यवस्थित गर्न, सबै सहकारीलाई कोपोमिस (CoPoMIS) सफ्टवेरमा आवद्ध गर्न, सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न

तालिमहरुको व्यवस्था गर्न तथा सहकारी संस्था सम्बन्धी कानूनहरुको तर्जुमा गरि प्रत्येक नागरिकहरुलाई सहकारीमा आबद्ध गर्ने नीतिलाई सफलिभूत गर्नका लागि यस क्षेत्रमा रु. ५ लाख बजेट विनियोजन गरेको छ।

६.**सूचना, सञ्चार तथा प्रविधिः** यस गाउँपालिका भित्र रहेका सबै वडा कार्यालय ,स्वास्थ्य संस्था तथा विद्यालयहरुमा इन्ट्रानेट स्थापना गरि सि.सि.टि.भि क्यामेरा, आ.पि.फोन, इन्टरनेट, तथा विभिन्न सफ्टवेयरहरुलाई केन्द्रिकृत गरि केन्द्रमा आफ्नै सरभर स्थापना गरि सेवा प्रवाह गर्न डिजिटल नोटिस बोर्ड तथा डिजिटल नागरिक बडापत्र स्थापना गर्दै देवानगञ्ज गाउँपालिकालाई सुचना प्रविधि मैत्रि बनाउँदै लैजानका लागि यस क्षेत्रमा रु. १५ लाख बजेट बिनियोजन गरेको छ।

७.**गरिबी निवारण तथा प्रधानमन्त्री रोज गार कार्यक्रमः-** बेरोजगार तथा अर्ध बेरोजगार युवाहरुलाई लक्षित गरी क्षमता विकास,आय आर्जन तथा क्षमता विकास कार्यक्रम गर्न तथा प्रधानमन्त्री स्वरोजगार कार्याक्रमलाई व्यवस्थीत रुपमा संचालन गर्न र गरिवि निवारणका लागि लघु उद्यम कर्याक्रमलाई आवश्यक पर्ने एकमुष्ठ बजेट रु.७१ लाख बजेटको व्यवस्था मिलाएको छु।

८. **अन्य संघ/संस्था सँग साझेदार कार्यक्रमः-** यस गा.पा. क्षेत्र भित्र स्वस्थ्य, शिक्षा, बेरोजगार, विपन्न तथा गरिबि निवारण र करुण फाउण्डेशन लगायत विभिन्न क्षेत्रमा कार्यरत संघ/संस्थाहरु सँगको साझेदारका लागि आवश्यक पर्ने रु.१५ लाख बजेटको विनियोजन गरेको छु।

९. **वडा कार्यालयहरुः-** यस देवानगञ्ज गाउँपालिकाको सातवटा वडाहरुमा पुर्वाधार विकासका लागि विभिन्न आयोजनाहरु सञ्चालन गर्नका लागि प्रत्येक वडाहरुमा ४५ लाखको दरले जम्मा ३ करोड १५ लाख पूँजीगत बजेट विनियोजन गरेको छु त्यसै गरी चालु खर्च तर्फ प्रत्येक वडालाई ७ लाखका दरले जम्मा रु.४९ लाख बजेटको व्यवस्था गरेको छु।

अन्तमा मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटको कार्यान्वयनबाट सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा पर्यावरणिय क्षेत्रहरुको समग्र विकास गरी देवानगञ्ज गाउँपालिलाई समुन्नत बनाउन ठोस योगदान पुग्ने अपेक्षा गरेको छु। साथै बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग दर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू वडा अध्यक्ष ज्यूहरु विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा सल्लाह सुझाब प्रदान गर्नु हुने सम्पूर्ण राजनितिक दलहरु, बुद्धिजिवि, समाजसेवी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक तथा आम संचार जगत एवं बजेट तयारीमा संलग्न सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु साथै बजेट कार्यान्वयनमा समेत सबैको रचनात्मक सहयोग रहने अपेक्षा गर्दै यहाँहरुबाट विदा हुन्छु। धन्यवाद ॥